## विद्युतीय चुलोका अग्रणी प्रयोगकर्ताहरु के भन्छन्?



"मैले इण्डक्सन चुलो प्रयोग गरेको ४ महिना भयो । म विहान बेलुकी यही चुलोमा खाना पकाउछु। एल.पि.जी ग्यास भन्दा यो चुलो धेरै सस्तो पर्ने रहेछ । एल.पि.जी ग्यासमा खाना पकाउदा दैनिक १९ रुपैया पर्दथ्यो भने यसमा १० रुपैया मात्र पर्ने रहेछ ।"

**निर्मला ढहाल चौलागाई**
बखेल्डी, पाँचखाल

"हामीले इण्डक्सन चुलो प्रयोग गरेको ७/८ वर्ष भयो । मेरो कान्छो छोराले विदेशबाट ल्याइदिएको थियो। यसमा करेन्ट लाग्ला भन्ने डर हुदैंन । सजिलो, छिटो पाक्ने, धुवाँ नहुने भएकोले श्रीमान, छोरा, बुहारी सबैले खाना पकाउनको लागि केही झन्झट मान्दैनन् ।"



**राधिका तिमिल्सिना**
कुन्तावेशी, काभ्रे



**लक्ष्मी ढुगांना**
बखेल्डी, पाँचखाल

"इण्डक्सन चुलो ल्याएको १ महिना भयो । घरमा ग्यास पनि थियो तर बुहारीले यो झनै राम्रो अनि सस्तो पनि हुन्छ भनेर ल्याएको हुँ । बुहारीले ठिकै भने रहेछ । यो चुलो ल्याएर फाइदा भइरहेको छ । समयको बचत भएको छ । भाँडामा कालो लाग्दैन, पकाउनमा सजिलो र छिटो छ र यसबाट धुवाँबाट पनि जोगिने रहेछ ।"

## आधुनिक चुलोहरु:



**इन्डक्सन चुलो**



**अन्य विद्युतीय चुलोहरु**



**गोबर ग्यास**

### थप जानकारीका लागि:


अजम्मरी विकास फाउण्डेशन, सानेपा ललितपुर
फोन:०१-५१८३२४१, ९८४११८८०१५ ईमेल: ajummery@gmail.com

स्थानीय बिक्रेताहरु:
१. प्रश्ना ट्रेडर्स, तामाघाट बजार, पाँचखाल -४, मो.: ९८४११०७११०
२ श्याम भाँडा पसल, कुन्तावेशी, मण्डनदेउपुर, मो.: ९८४१४२६१२५


सुखी परिवारको लागि आधुनिक चुलो



# आधुनिक चुलो

Alternative Energy Promotion Center

CLEAN COOKING ALLIANCE

## घर भित्रको धुवाँले लाग्ने रोगहरु:


श्वासप्रश्वास संक्रमण


दीर्घखोकी, दम


उच्च रक्तचाप, मुटुको रोग


निमोनिया


फोक्सोको क्यान्सर


आँखा संक्रमण


मानसिक तनाव


गर्भको बच्चालाई प्रतिकुल असर

## विद्युतीय चुलो किन प्रयोग गर्ने ?

नेपालमा लगभग ७३ प्रतिशत जनता खाना पकाउनका लागि दाउरा वा गाउँघरमा पाइने अन्य जैविक पदार्थ प्रयोग गर्दछन् । परम्परागत चुलोमा त्यस्ता ईन्धन बालेर खाना पकाउँदा, त्यसबाट आउने धुवाँका कारण वर्षेनी २२,८४१ जनाले ज्यान गुमाउने गरेको तथ्यांकले देखाउँछ । दाउरामा खाना पकाउँदा, स्थानीय वन र वातावरणमा पनि प्रतिकुल असर पर्दछ । विद्युतीय चुलोमा खाना पकाउँदा माथि लेखिएका समस्याको समाधान हुनुका साथै, अन्य विभिन्न फाइदाहरु हुन्छन् ।




## विद्युतीय इन्डक्सन चुलोमा के के पकाउन सकिन्छ ?

इन्डक्सन चुलोमा हामीले साधारणतया दिनहुँ खाने सबै खाना पकाउन सकिन्छ, जस्तै, दाल, भात, झोलिलो तरकारी, भुटेको तरकारी, माछा, मासु पकाउन सकिन्छ । त्यस्तै यसमा मकै, भटमास आदि भुट्न सकिन्छ भने दुध उमाल्न र चिया, कफी बनाउन सकिन्छ ।

## विद्युतीय चुलो किन्दा ध्यान दिनुपर्ने कुराहरु

- वारेन्टी भएको हुनुपर्दछ ।
- बिक्रीपछिको सेवा, जस्तै मर्मत सम्भारको व्यवस्था भएको हुनुपर्दछ ।
- चुलो किन्दा सस्तो भन्दा गुणस्तरमा ध्यान दिनु पर्दछ ।

## विद्युतीय चुलोमा कस्ता भाँडाहरु चलाउनु पर्दछ?

इन्डक्सन चुलोमा चुम्बकले तान्ने खालको धातुले बनेको पिंध भएको भाँडा प्रयोग गर्न सकिन्छ । भाँडाको पिंध समतल हुनु पर्दछ । त्यस्ता भाँडाहरु इन्डक्सन चुलो किनेकै पसल पाउन सकिन्छ ।



## विद्युतीय चुलो किन्न कसरी लगानी गर्ने ?

- आफूसँग भएको रकम लगानी गरेर, वा
- आफू आवद्ध कुनै लघु वित्त संस्थाबाट किस्ताबन्दीमा पनि विद्युतीय चुलो खरिद गर्न सकिन्छ ।